राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९२ २०८२ कात्तिक १५ गते शनिवार (1 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## मधेशी दलित साहित्य अध्ययनमा लन्डनका प्राध्यापक हट



दैनिक समाचारदाता
जनकपुरधाम, १४ कात्तिक । लन्डन विश्वविद्यालयको स्कूल अफ ओरिएन्टल एण्ड अफ्रिकन स्टडीज (SOAS) का प्रख्यात प्राध्यापक माइकल जे. हट अहिले मधेश प्रदेशमा दलित समुदायका साहित्यकार, पत्रकार र कलाकारहरूसँग निरन्तर भेटघाट र संवादमा व्यस्त छन्। उहाँले मधेशी दलित समुदायको भाषा, संस्कृति, कला र साहित्यका विविध आयामबारे प्रत्यक्ष अध्ययन गरिरहेका छन्।

नेपाल र हिमालय अध्ययनका क्षेत्रमा तीन दशकभन्दा बढी समय समर्पण गरेका प्राध्यापक हटले दलित समुदायको साहित्यिक र सांस्कृतिक योगदानलाई गहिरो अध्ययनको दायरामा ल्याउने उद्देश्य राखेका छन्। उहाँका अनुसार, "मैले हिमाल र पहाडका दलित समुदायसँग भेटघाट गरी उनीहरूको भाषा, संस्कृति र कलाबारे बुझ्ने प्रयास गरेको छु। अहिले मधेशी दलित समुदायको भाषा, संस्कृति र साहित्यिक अवस्थाबारे बुझ्दैछु।"

यसै सन्दर्भमा उहाँले राष्ट्रिय दलित पत्रकार संघ नेपालका मधेश प्रदेश अध्यक्ष तथा साहित्यकार कैलास दाससँग जनकपुरधाममा भेटघाट गर्नुभयो। भेटका क्रममा प्राध्यापक हटले नेपाली दलित लेखकद्वारा लिखित कथा र कवितामा अभिव्यक्त दलित जनजीवनको यथार्थलाई अध्ययन र विश्लेषण गर्ने तयारी भइरहेको जानकारी दिए । उनले नेपाली समाजका सीमान्तकृत आवाजहरूलाई विश्व समुदायमा पुऱ्याउने उद्देश्य पनि व्यक्त गरे ।

पत्रकार तथा साहित्यकार कैलास दासका अनुसार, प्राध्यापक हट अत्यन्त सरल स्वभावका र धाराप्रवाह नेपाली बोल्ने विदेशी विद्वान् हुन्। "उहाँलाई मधेशी दलित समुदायको साहित्यिक अभिव्यक्ति, भाषा र सांस्कृतिक अवस्थाबारे गहिरो रुचि छ । उहाँले समुदायका अगुवाहरू, लेखक तथा बुझ्ने व्यक्तिसँग भेटघाट गर्दै दलित जीवनका यथार्थ र सिर्जनालाई दस्तावेजीकरण गर्न लाग्नुभएको छ," दासले बताए। उनका अनुसार, प्राध्यापक हटले यस अध्ययनका आधारमा मधेशी दलित साहित्य र जीवनमा केन्द्रित पुस्तक लेख्ने तयारी पनि गरेका छन् ।

सन् २०२१ को अन्त्यतिर SOAS विश्वविद्यालयबाट प्रारम्भिक अवकाश लिएका प्राध्यापक हट नेपाली भाषा, साहित्य र संस्कृतिका गहिरा अध्येता हुन् । "नेपाली साहित्य मेरो गृहभूमि हो," भन्ने उनको भनाइ प्रसिद्ध छ । उनले नेपाली सिकाउनका लागि लेखिएको लोकप्रिय पुस्तक Teach

*बाँकी पृष्ठ ४मा*

## जनकपुरबाट काठमाडौं जाँदै गरेको बस दुर्घटनामा ३३ जना घाइते



दैनिक समाचारदाता
जनकपुरधाम, १४ कात्तिक । जनकपुरबाट काठमाडौं जाँदै गरेको यात्रुबाहक बस चितवनमा दुर्घटनाग्रस्त हुँदा दर्जनौं जनकपुरवासीसहित ३३ जना घाइते भएका छन् । दुर्घटना गएराति करिब पौने २ बजे चितवनको भरतपुर महानगरपालिका-९ टिकौली जंगल नजिक पूर्व-पश्चिम राजमार्गमा भएको हो ।
इँटा लोड गरी सडक छेउमा पार्किङ गरिएको ना ६ ख ८१३ नम्बरको ट्रकमा पहिलोपटक गौरबाट काठमाडौं जाँदै गरेको डल्फिन बस (बा.प्र.०३-००१ ख ०१२३) ठोक्किएको थियो । त्यसपछि त्यसै दिशातर्फ आइरहेको जनकपुरबाट काठमाडौं जाँदै गरेको रुद्राक्ष यात्रुबाहक बस (बा.प्र.०३-००१ ख ३९०२) पनि उक्त ट्रकमा ठोक्किँदै दुर्घटनामा परेको हो । सशस्त्र प्रहरी बलका सह-प्रवक्ता शैलेन्द्र थापाका अनुसार बस पल्टिँदा केही समयका लागि राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको थियो । सशस्त्र प्रहरी गण नं. १७ आँपटारी, चितवनको टोलीले तत्काल उद्धार कार्य सुरु गरी घाइतेहरूलाई चितवनका विभिन्न अस्पतालमा पठाइएको थियो ।
दुर्घटनामा जनकपुर, जलेश्वर, पिपरा, राजदेवी, लक्ष्मीनिया लगायतका विभिन्न स्थानका यात्रु घाइते भएका छन् ।
चितवन मेडिकल कलेजमा १५ जना, नेशनल सिटी अस्पतालमा १३ जना र भरतपुर अस्पतालमा ५ जना गरी कुल ३३ जना उपचाररत छन् । जनकपुरधाम-१७ का सदाकत मियाँ, जनकपुर-७ का समिर अन्सारी, जनकपुर-१ का बसन्त झा, जनकपुर-४ का मुकेश लाल कर्ण, अन्जु कर्ण र आरुष कर्ण लगायतका घाइतेहरूको अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ । रुद्राक्ष बसका चालक धनुषा सहिद नगरपालिका-४ का ४३ वर्षीय कृष्ण मण्डललाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनापछि सवारी साधनलाई क्रेनको सहयोगमा हटाएपछि बिहान ३ बजेबाट राजमार्गमा पुनः आवागमन सुचारु गरिएको प्रहरीले जनाएको छ । यस दुर्घटनाले जनकपुर-काठमाडौं मार्गमा चल्ने लामो दूरीका बसहरूको सुरक्षा र रात्री यातायात व्यवस्थापनप्रति गम्भीर प्रश्न उठाएको जनकपुरका यातायात व्यवसायीहरूको भनाइ छ ।

## सुरक्षाकर्मीको पेस्तोल लुटेर बेच्ने पाँच जना पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, १४ कात्तिक । जेनजी आन्दोलनको क्रममा सुरक्षाकर्मीको पेस्तोल लुटेर बेच्ने पाँच जना पक्राउ परेका छन् ।

प्रहरी वृत्त स्वयम्भूको टोलीले विभिन्न ठाउँबाट पाँच जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा धादिङको धुनिवेशी गाउँपालिका घर भएका २१ वर्षीय कृष्ण गुरुङ, काठमाडौं महानगरपालिका(१५ का २५ वर्षीय राजन देउला, भारतको सितामणिका २४ वर्षीय अकबर खान, काठमाडौं बिजेश्वरी बस्ने २६ वर्षीय सुमिन शाक्य र काठमाडौं नयाँ बानेश्वर बस्ने ३८ वर्षीय प्रभात मल्ल छन् ।

मल्ल हतियार खरिद गर्ने व्यक्ति रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका एस्पी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए । कृष्ण गुरुङ भने पेस्तोल लुटपाटमा संलग्न र अन्य तीन भने बिक्रीमा संलग्न व्यक्ति रहेको प्रहरीले जनाएको छ ।

उनीहरूबाट प्रहरीले एक थान पेस्तोल, त्यसको म्यागजिन र १५ राउण्ड गोली बरामद गरेको छ ।पक्राउ परेकाहरू विरुद्ध हातहतियार तथा खरखजनाको कसुरमा काठमाडौं जिल्ला अदालतबाट ६ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

## मधुमेह (डायबिटिज) रोगबाट बचौं

*मधुमेहले,*


- शरीरका विभिन्न अंगमा क्षति पुर्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

*त्यसैले मधुमेहबाट बच्न,*

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# 'हर्ष'को नयाँ पोस्टर सार्वजनिक




काठमाडौँ । आगामी मंसिर १२ गतेबाट प्रदर्शनमा आउने चलचित्र 'हर्ष'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ ।

शुक्रबार सार्वजनिक पोस्टरमा चलचित्रका मुख्य तीन पात्र खगेन्द्र लामिछाने, वर्षा राउत र बाल कलाकार साइमन वादीलाई देखिइएको छ ।

पोस्टरले चलचित्र पूर्ण रूपमा पारिवारिक कथामा निर्माण भएको झल्को दिन्छ । खगेन्द्र र वर्षा छोरासँग खुसी भावमा प्रस्तुत छन् ।

एकता पौडेलको निर्देशन रहेको चलचित्रमा उनीहरूसहित निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, सिर्जना नापितको अभिनय छ ।

पौडेलको यो निर्देशनमा डेब्यु चलचित्र हो । चलचित्रमा आलोक शुक्लाको छयांकन, समीर हिमाल, वसन्त सापकोटा तथा एलिश कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन तथा सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी छ ।

अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा निर्माण भएको सिनेमाको कथा स्वयं निर्देशक पौडेलको हो ।

प्रशन्न पौडेल र विकास पौडेल निर्माता तथा हिक्मत चोखाल कार्यकारी निर्माता रहेको चलचित्र काफिया फिल्मस् र डिसिएनले वितरण गर्नेछ ।

# फिल्म 'एक्लो' को टिजर सार्वजनिक



काठमाडौं । प्रदीप खड्का स्टारर नेपाली साइन्स-फिक्सन ड्रामा फिल्म 'एक्लो' को टिजर युट्युबमा सार्वजनिक भएको छ ।

टिजरले फिल्मको कथावस्तु, चरित्र चित्रण, मनोविज्ञान र थिमबारे संक्षिप्तरुपमा प्रकाश पार्छ । यो फिल्म यसवर्षको कान्स मार्केटमा छनोट भैसकेको छ ।

नेपाल र बेलायतबीचको संयुक्त सहकार्य रहेको फिल्मले खतरनाक भाइरसले सन् २०३० सम्म मानिसले पृथ्वी ग्रह छाड्ने भविष्यको एक काल्पनिक कथा भन्छ ।

त्यसको ६० वर्षपछि बेलायती अन्तरीक्षयात्री ज्याक (जेमी बेकन) आफ्ना साझेदारसँग हिमालय क्षेत्रमा क्रास-ल्यान्डिङ गर्छन् ।

तिनीहरूले आफ्नो वरपरको खोजी गर्छन् र पहाडबीचमा रहेको गुफाभित्र लुकेको सहर पत्ता लगाउँछन्, जहाँ तिनीहरूले एक रहस्यमय व्यक्तित्व (प्रदीप खड्का)लाई भेट्छन्, जो हिमालय क्षेत्रको पौराणिक संरक्षक हो ।

नेपालको मुस्ताङ, काभ्रे लगायतका थलोमा फिल्मको छायांकन गरिएको छ । फिल्ममा प्रदीपसहित दीया पुन, विजय लामा, कविता नेपाली, जेमी बेकन, बेनिशा हमाल लगायतको पनि अभिनय छ । 'एक्लो' १ जनवरी, २०२६ अर्थात आउँदो १७ पुसमा प्रदर्शन हुने जनाइएको छ ।

# 'बाहुबली : द एपिक' बाट सुरुवात

काठमाडौँ । निर्देशक दिवाकर भट्टराई फिल्म वितरकको रुपमा पनि देखिने भएका छन् । उनले क्रिएटिभ सिने आर्ट्स मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फिल्मको वितरण गर्ने भएका हुन् ।

वितरणको सुरुवात उनले 'बाहुबली' को नयाँ संस्करण 'बाहुबली : द एपिक' बाट गर्दैछन् । शुक्रबारदेखि प्रदर्शन तयारीमा रहेको एसएस राजामौली निर्देशित यो दक्षिण भारतीय फिल्म हो ।

यो फिल्म उनले निरज पौडेलको ए-एट् र दीपक दंगालको एनसीजीएनसँगको सहकार्यमा नेपालमा रिलिज गर्न लागेका हुन् । 'बाहुबली : द एपिक' पहिलो र दोस्रो भाग गाभिएको फिल्म हो ।

क्रिएटिभ सिने आर्ट्सले २८ नोभेम्बरमा रिलिज हुने 'तेरे इश्क मे' लाई पनि नेपालमा रिलिज गर्दैछ । निर्देशक भट्टराइले नरसिंहा अवतार, क्याप्टेन, ड्रिम्स, ऐश्वर्याजस्ता चर्चित फिल्म निर्देशन गरेका छन् ।




# सोसल मिडिया प्रतिबन्धबाट जोगिन अस्ट्रेलियाली 'इन्फ्लुएन्सर' परिवार लण्डन बसाइ सर्‍यो

डिसेम्बरदेखि सुरु हुने सामाजिक सञ्जालको प्रतिबन्धको नियमलाई छल्न लाखौं अनलाइन फलोअर्स भएको एक अस्ट्रेलियाली परिवार बेलायतमा बसाइ सर्दैछ ।

बीबीसीका अनुसार अस्ट्रेलिया सरकारले डिसेम्बरदेखि लागू हुने गरि १६ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल प्रतिबन्धको नियम लागू गर्दैछ ।

'एम्पायर फेमिली' भनेर चिनिने ४ सदस्यीय परिवारमा आमाहरू बेक र बेक ली, १७ वर्षीय छोरा प्रेज्ली र १४ वर्षीया छोरी चार्लोट मिलेर बनेको छन् । उनीहरूले दैनिक जीवनका भिडियोहरू पोस्ट गर्छन् । एक पोस्टमा, उक्त परिवारले राम्रो कार्यको लागि इन्टरनेटको प्रयोग गर्दै आएको र बेलायत सर्नुको अर्थ छोरीले कन्टेन्ट क्रिएसन गर्न सकून भन्ने उद्देश्य रहेको छ ।

अस्ट्रेलियाले विश्वमा पहिलोपटक फेसबुक, इन्स्टाग्राम, स्न्यापच्याट, टिकटक, एक्स, युट्युब १६ वर्ष मुनिका बालबालिकाको लागि प्रतिबन्ध लगाउने र विद्यमान त्यस्ता खातालाई निष्क्रिय तुल्याउने घोषणा गरेको थियो । यो प्रतिबन्ध युवालाई सामाजिक सञ्जाल र प्रविधि कम्पनीको हानिकारक प्रभावबाट जोगाउनको लागि डिजाइन गरिएको सरकारले जनाएको छ । यो नियम पालना नगर्नेलाई ५ करोड अस्ट्रेलियाली डलर सम्म जरिवाना हुनसक्ने जनाइएको छ ।

यो प्रतिबन्ध कसरी लागू गर्ने भन्ने कुरा स्पष्ट छैन तर केही सम्भावित विधिमा आधिकारिक परिचयत्रक कागजात, अभिभावकीय स्वीकृति र अनुहार पहिचान गर्न सक्ने प्रविधिको प्रयोग समावेश छन् । यसले डेटाको गोपनीयता र उमेर प्रमाणीकरण गर्ने सफ्टवेयरबारे चिन्ता जगाउन सक्छ ।

सुरुमा युट्युबलाई प्रतिबन्धबाट छुट दिइएको थियो तर यस वर्षको सुरुमा सरकारले आफ्नो निर्णय उल्टाएको थियो ।

१६ वर्ष मुनिका किशोरकिशोरीले अझै पनि भिडियो हेर्न सक्षम हुनेछन् तर खाता खोल्न अनुमति दिइने छैन, जुन सामग्री अपलोड गर्न वा प्लेटफर्ममा अन्तर्क्रिया गर्न आवश्यक छ ।

पश्चिमी अस्ट्रेलियाको पर्थबाट लन्डन सर्ने परिवारको निर्णयको विवरण



दिने भिडियोमा, बेकले सामाजिक सञ्जाल प्रतिबन्धको विरुद्धमा नभएको बताएकी छन् ।

'हामी बुझ्छौं कि यसले युवालाई इन्टरनेटमा हुने हानिबाट जोगाउँछ तर हामी इन्टरनेटलाई राम्रोको लागि प्रयोग गर्छौं' उनले भनिन् । बीबीसीबाट ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# जेनजीले परिकल्पना गरेको देश

*अमित खनाल*

हामी एउटा यस्तो पुस्ता हौं, जसलाई हरेक पटक 'धैर्य गर' भनेर चुप लगाइयो। 'तिमीहरू अझै बच्चा हौ' भनेर कम आँकियो। र, 'राजनीति तिमीहरूको दिमागभन्दा माथि छ' भनेर पूर्ण रूपमा अस्वीकार गरियो।

तर वास्तविकता के हो भने, यो देशको भविष्य अब हाम्रो काँधमा छ। पुराना पुस्ताको उपदेश, भाषण र आश्वासनले यो देश बदलिंदैन; हाम्रो बौद्धिकता, प्रविधिको शक्ति र आर्थिक क्रान्तिले मात्र यो देश नयाँ उचाइमा पुग्छ।

हामीलाई बन्दुकको क्रान्ति चाहिंदैन, किनकि हिंसा भनेको अस्थायी उत्तेजना हो, जसले दीर्घकालीन समस्याहरू जन्माउँछ। हामीलाई चाहिएको छ- शिक्षामा क्रान्ति जसले हरेक गाउँको बच्चालाई विश्वस्तरीय शिक्षा दिन्छ। विचारमा क्रान्ति जसले पुराना रुढीवादी सोचलाई चुनौती दिन्छ।

रोजगारी र उत्पादनमा क्रान्ति जसले नेपाललाई आयातकर्ता होइन, निर्यातकर्ता बनाउँछ। हामी शान्त छौं, तर मौन छैनौं; हामी विद्रोही छौं, तर हिंस्रक छैनौं। हाम्रो क्रान्तिको हतियार ज्ञान, इन्टरनेट र आर्थिक शक्ति हो। यी हतियारहरूले समाजलाई भत्काउँदैनन्, बनाउँछन्।




हामीले समावेशिताको नारा धेरै सुन्यौं, तर यो नारा बारम्बार हाम्रै दिदीबहिनीमाथि हुने घरेलु हिंसा, हाम्रै साथीहरूको जातीय विभेद, हाम्रै पहिचानमाथि हुने लैंगिक बहिष्कारसँग पराजित भएको देख्यौं।

दलित साथीहरूलाई अझै चियापसलमा छुट्टै गिलास दिइन्छ, जसले उनीहरूको मानवता नै प्रश्न गर्छ। मधेशी युवालाई सीमा पारको नागरिक ठानिन्छ, जसले राष्ट्रिय एकताको आधारभूत सिद्धान्तलाई कमजोर बनाउँछ।

जनजातिको पहिचानलाई 'अतिवादी माग' भनेर खिसी गरिन्छ, जसले सांस्कृतिक विविधतालाई दबाउँछ। एलजीबीटीक्यूआईएप्लस समुदायलाई नागरिकतामा मात्र होइन, दैनिक जीवनमा पनि बहिष्कार गरिन्छ, जसले संविधानको समानताको वाचालाई झुटो साबित गर्छ।

यो विभेदहरू किन जारी छन्? किनकि समावेशिता सरकारको नीति होइन, राजनीतिक लाभको औजार बनेको छ। हामी भन्छौं: यो देश सबैकै हो, केही कुलीन वर्गको सम्पत्ति होइन। समावेशिता दया होइन, जन्मसिद्ध हक हो। हामीले पाएको अपमानले अब संघर्षको नारा बनाएको छ: 'बराबरी नदिए, बराबरी लिन्छौं।' यो नारा मात्र होइन, कार्ययोजना हो कानूनी सुधार, सामाजिक जागरण र आर्थिक सशक्तीकरण मार्फत।

हामीलाई लोकतन्त्रको ठेक्का पुराना नेताहरूलाई दिइएको थिएन, तर उनीहरूले यसलाई आफ्नै परिवारको जग्गा बनाए। परिवारवादले पार्टीहरू कुलीन क्लब बनेका छन्। गुटवादले एकता होइन, विभाजन जन्माएको छ।

पैसावादले चुनावलाई र अपराध-राजनीतिले न्यायलाई कमजोर पारेको छ। पार्टीभित्र चुनाव नै छैन भने यो कुन लोकतन्त्र? नेताले आलोचना सुन्न नसक्ने हो भने यो कुन स्वतन्त्रता?

हामीले बालेन शाह, हर्क साम्पाङ, जेनजी आन्दोलन जस्ता उदाहरण मार्फत देखाइदियौं: नेता विना पनि नेतृत्व जन्मन्छ, जनताको शक्तिबाट। हामी मतदान गर्छौं, कर तिर्छौं, जनमत बनाउँछौं त्यसैले राज्यमा हाम्रो हिस्सेदारी छ।

लोकतन्त्र भनेको नेतालाई असीमित अधिकार दिने व्यवस्था होइन, नेताबाट जवाफदेहिता र काम लिने व्यवस्था हो। तर वर्तमानमा, संसद् बैठकहरूमा अनुपस्थिति, नीति कार्यान्वयनमा ढिलासुस्ती र भ्रष्टाचारका काण्डहरूले यो व्यवस्थालाई खोक्रो बनाएका छन्।

हामीले यो खोक्रोपनलाई भर्नुपर्छ युवा नेतृत्व, पारदर्शी पार्टी संरचना र डिजिटल जनमत संग्रह मार्फत। हामीलाई संघीयता के भनेको हो? काठमाडौंमा पास खुवाएर प्रदेशहरूलाई भोकै राख्ने व्यवस्था? सिंहदरबार फुटाएर प्रदेशमा अर्को सिंहदरबार जन्माउने संरचना, जहाँ स्थानीय स्तरमा पनि भ्रष्टाचार फस्टाउँछ? हामी यस्तो संघीयता चाहन्नौं, किनकि यो केन्द्रीकरणको नयाँ रूप मात्र हो।

हामी गाउँमै रोजगारी सिर्जना गर्ने, प्रदेशमै नीतिनिर्माण गर्ने, आफ्नो भविष्य आफैं बनाउने अधिकारको संघीयता खोज्छौं। विकास राजधानीको रहर होइन, गाउँको अधिकार हो तर अहिले सडक, विद्यालय, अस्पतालहरू काठमाडौंकेन्द्रित छन्, जसले ग्रामीण क्षेत्रलाई पछाडि धकेल्छ।

हामीले यो असन्तुलनलाई सुधार्नुपर्छ। स्थानीय करको पूर्ण उपयोग, प्रदेशस्तरीय बजेट स्वायत्तता र डिजिटल निगरानी प्रणाली मार्फत। संघीयता सफल हुनको लागि अधिकार मात्र होइन, क्षमता र जवाफदेहिता पनि चाहिन्छ।

धर्मनिरपेक्षता हामीले संविधानमा जित्यौं, तर राज्य अझै धर्मको मोहनियामा फसेको छ। कोही कसैको विश्वास ठेगान लगाउनु उसको व्यक्तिगत स्वतन्त्रता हो, तर राज्यको काम न्याय दिनु हो, प्रार्थना होइन।

हामी भन्छौं: नेपाल कुनै देवताले शासित देश होइन, जनताले बनाएको गणतन्त्र हो। तर सार्वजनिक छुटहरूमा धार्मिक प्रभाव, सरकारी कार्यक्रममा पूजा-पाठ र बजेट विनियोजनमा पक्षपातले राज्यलाई तटस्थ बनाउँदैन। राज्य तटस्थ नभए त्यो राज्य होइन, धार्मिक पसल हो। हामीले यो पक्षपातलाई चुनौती दिनुपर्छ: कानूनी सुधार, शिक्षा अभियान र नीतिगत विभाजन मार्फत। धर्मनिरपेक्षता भनेको धार्मिक स्वतन्त्रता हो, तर राज्यको धार्मिक हस्तक्षेप होइन।

गणतन्त्र आएर १७ वर्ष भइसक्यो, तर परिवर्तन कता छ ? भ्रष्टाचार बढ्दो ठूला आयोजनाहरूमा कमिसन, असमानता गहिरिंदो धनी र गरीब बीचको खाडल चौडा, न्याय किनिने-बेचिने अदालतमा ढिलाइ र प्रभाव, नेताहरूको दण्डहीनता चरम काण्डहरूमा उन्मुक्ति।

हामीले राजालाई हटायौं, तर नेताहरूले आफ्नै मनमा राजतन्त्र पालेका रहेछन्: कुर्सीको लोभ, परिवारको उत्तराधिकार। हाम्रो गणतन्त्र नाममा होइन, चरित्रमा देखिनुपर्छ। नेता कुर्सीको मालिक होइन, जनताको भरोसाको नोकर हो। तर अहिलेको अवस्थामा, संसदीय समितिहरू निष्क्रिय, नीति कार्यान्वयन शून्य र जनताको आवाज दबाइएको छ।

हामीले यो दण्डहीनतालाई अन्त्य गर्नुपर्छ: स्वतन्त्र अख्तियारी संस्थाहरूको सशक्तीकरण, डिजिटल ट्र्याकिङ र युवा सहभागिता मार्फत। गणतन्त्रको सच्चा अर्थ जनताको शासन हो, नेताको होइन।

अब प्रविधिको कुरा गरौं। हामीले अनलाइनबाट डिग्री हासिल गर्‍यौं, विदेशसँग व्यवसाय गर्‍यौं, कागजविहीन विश्वमा प्रतिस्पर्धा गर्‍यौं। तर हाम्रो राज्य ? पासपोर्ट बनाउन भञ्ज्याङ पार गरेर लाइन बस्नुपर्छ, नागरिकता लिन नातावाला खोजेर सिफारिस चाहिन्छ, कर तिर्न दलालको सहारा लिनुपर्छ। यस्तो डिजिटल नेपाल ? पूर्ण रूपमा हास्यास्पद र पिछडिएको।

हामी क्रान्ति गर्छौं: डिजिटल प्लेटफर्ममा सबै सेवा अनलाइन, खुला डाटामा सरकारी खर्च सार्वजनिक, ई-शासनमा स्मार्टफोनबाट मतदान। सरकारी सेवा स्मार्टफोनमा नआउँदासम्म हामी चुप बस्दैनौं। हाम्रो जीवन अनलाइन छ भने शासन अफलाइन किन ?

यो ढिलाइको कारण भ्रष्टाचार र अक्षमता हो, जसलाई हामीले प्रविधि मार्फत उखेल्नुपर्छ। डिजिटल क्रान्तिले पारदर्शिता ल्याउँछ, तर यसको लागि पूर्वाधार, शिक्षा र नीतिगत प्रतिबद्धता चाहिन्छ।

अर्थतन्त्र हाम्रो अर्को युद्धभूमि हो, तर यो युद्धमा गोली होइन, स्टार्टअप प्रविधि, अनुसन्धान र उत्पादन चल्छ। हामी विदेश जाने पिंढी होइन; विदेशलाई प्रतिस्पर्धा गर्ने पिंढी हौं। हामीसँग प्रतिभा छ आईटी, कृषि, पर्यटनमा, तर अवसर छैन किनकि नीतिहरू पुराना, लगानी विदेशीकेन्द्रित र युवा उद्यमशीलतालाई प्रोत्साहन शून्य।

त्यो अवसर हामी आफैं बनाउँछौं: कृषिमा ड्रोन र एआई, ऊर्जा क्षेत्रमा सौर्य र जलविद्युतको नयाँ बजार, डिजिटल सेवा विश्वभर निर्यात। हामीलाई दयाले बनाएको रोजगारी होइन, नवप्रवर्तनले सिर्जित सम्भावना चाहिन्छ।

हामी भन्छौं: ब्रेन ड्रेन रोकिन्छ जब नेपाल अवसरको केन्द्र बन्छ स्टार्टअप इकोसिस्टम, कर छुट र अन्तर्राष्ट्रिय साझेदारी मार्फत। अर्थतन्त्रको यो असफलता पुरानो नीतिहरूको उपज हो, जसलाई हामीले वैज्ञानिक र डाटा-आधारित दृष्टिकोणले बदल्नुपर्छ।

हाम्रो क्रान्ति हिंसा होइन, यसले नीति सुधार्छ, नारा होइन; सोच बदल्छ, भय होइन। पुराना पुस्ताले सदासर्वदा भन्छन्: 'समय लाग्छ।' हाम्रो जवाफ छ: 'समय अब हामी बनाउँछौं योजनाबद्ध कार्य, निरन्तर दबाब र सामूहिक प्रयास मार्फत।'

हाम्रो पुस्ताको आँखा खुलिसक्यो। हामीलाई धोका, भाषण, छल अब लाग्दैन। हामीले बुझिसक्यौं: यो देश कसैको दया र रहमतबाट बन्दैन; हाम्रो बुद्धि, मिहिनेत र साहसबाट बन्छ। हामीले जनमतको शक्ति देखाइसकेका छौं चुनावी परिणाम, सामाजिक आन्दोलन मार्फत।

अब हामी शासनको शक्ति लिन तयार छौं: चुनाव जितेर युवा उम्मेदवारहरू, नीति लेखेर वैज्ञानिक र समावेशी, अर्थतन्त्र उभ्याएर निर्यात र नवप्रवर्तन।

हामी भन्छौं: शिक्षामा समान पहुँच आयो भने हिंसा मर्छ किनकि अशिक्षा नै असन्तोषको जरा हो। प्रविधिमा समान पहुँच आयो भने भ्रष्टाचार मर्छ किनकि पारदर्शिताले दलाललाई मार्छ। अर्थतन्त्रमा न्याय आयो भने दासत्व मर्छ किनकि अवसरले स्वतन्त्रता जन्माउँछ।

यो देश हाम्रो हातमा आएपछि, हामी नेपाललाई विकासको प्रयोगशाला बनाउँछौं जहाँ प्रत्येक नागरिक स्वप्नदर्शी र निर्माता दुवै हुन्छ, जहाँ असफलता पनि सिकाइ हो। अब हाम्रो क्रान्ति एकै वाक्यमा: हामी बन्दुकले होइन, बुद्धिले देश बदल्छौं। हामी हिंसाले होइन, हामी परिवर्तन माग्दैनौं, हामी परिवर्तन हौं र यो परिवर्तन अब रोकिंदैन, किनकि यो जनताको शक्ति हो, समयको माग हो।

खनाल जेनजी अगुवा हुन्।

# युद्ध लड्ने रोबोट कुकुर बनाउँदै चीन

प्रविधिको विकाससँगै युद्धका तरिका तथा हतियारहरू पनि बदलिइरहेका छन् । भविष्यमा पारम्परिक हतियार तथा उपकरणबाट होइन कि रोबोट तथा एआई प्रविधियुक्त रोबोटिक ड्रोन र कुकुरबाट युद्ध लडिनेछ ।



चीन अहिले यस्तै अत्याधुनिक एआई सञ्चालित हतियार निर्माणमा जुटेको छ । उसको प्रतिष्पर्धा अमेरिकासँग छ, जसले एआई क्षमतायुक्त स्वचालित ड्रोनको फौज तयार गरिरहेको छ । यस्तोमा चीनले चाहीँ एआई प्रविधि जडित रोबोटिक कुकुर तयार पार्दैछ, जसले भविष्यमा शत्रु पक्षका सैनिकसँग युद्ध गर्नेछ ।

रोयटर्सका अनुसार चीनको सरकारी रक्षा कम्पनी नोरिन्कोले गत फेब्रुअरीमा एउटा सैन्यवाहन तयार पारेको छ । यसले ५० किलोमिटर प्रतिघण्टाको गतिमा स्वचालित रुपमा बख्तरबन्द अभियान चलाउन सक्नेछ । यो चिनियाँ एआई डीपसीकबाट चल्नेछ ।

चीनमा सैन्य अभियानमा एआई एप्लिकेसनको प्रयोगसँग सम्बन्धित सयौं शोधपत्र, पेटेन्ट तथा खरिद रेकर्डहरूको समीक्षा रोयटर्सले गरेको छ । यसबाट एआई सञ्चालित रोबोट, रोबोटिक एप्लिकेसन तथा ड्रोनको मतले भविष्यको युद्ध लडिनेछ भन्ने विषयमा चर्चा गरिएको छ ।

यस्तै एक दस्तावेजका अनुसार चीनले एआई सञ्चालित रोबोट कुकुर समेत बनाउने तयारी गरिरहेको छ । उक्त रोबोटिक कुकुर समूह बनाएर युद्ध मैदानमा उत्रिनेछ र सम्भाविन लक्ष्यलाई ट्र्याक गर्दै आकासमा उडिरहेको ड्रोनलाई त्यसबारेमा सूचना दिनेछ । यसले एउटा वार गेम कन्सोलको जस्तै कमान्ड सेन्टरमा काम गर्नेछ । यस एआईयुक्त रोबोटिक कुकुर र ड्रोनले आफैंले लक्ष्य तथा सम्भावित खतरा पहिचान गरी त्यसको सूचना कमान्ड सेन्टरमा पठाउँछ र त्यहाँबाटै अगाडिको कारवाहीका निम्ति निर्देशन प्राप्त हुनेछ ।


सन् २०२४ मा चिनियाँ जनमुक्ति सेनाले एआई सञ्चालित रोबोट कुकुरका लागि एक प्राविधिक टेन्डर जारी गरेको थियो जसले युद्ध मैदानमा खतराको खोजी गर्न सकोस् र विस्फोटक वा बारुदी सुरुङ जस्ता खतरालाई पन्छाउन सकियोस् । एजेन्सी

# मानिसको दिमागमा चिप हाल्दै च्याट जिपिटी

आर्टिफिसियल इन्टेलिजेन्स च्याटबोट च्याट जिपिटी निर्माता कम्पनी ओपन एआईका सिइओ साम अल्टम्यानले एक नयाँ प्रोजेक्टमा ध्यान केन्द्रित गरेका छन् । अल्टम्यानको उक्त नयाँ प्रोजेक्टको नाम ब्रेन हो ।

रिपोर्ट अनुसार ओपन एआईले :भचनभ िबदक प्रविधिमा काम गर्दैछ, जो एक ब्रेन कम्प्युटर इन्टरफेस हो ।

यो प्रणालीको काम मस्तिष्कबाट आउने तरंग तथा आवाजलाई कैद गर्नु हो । यसका लागि कुनै पनि सर्जरीको आवश्यकता पर्ने छैन ।




अल्टम्यानको उक्त आसन्न प्रोजेक्टको सिधा टक्कर विश्वका सबैभन्दा धनी व्यक्ति एलन मस्कको न्युरालिंक कम्पनीसँग हुनेछ । न्युरालिंकले पनि मानिसको मस्तिष्कमा ब्रेन कम्प्युटर इन्टरफेस चिप प्रत्यारोपण गर्ने गर्दछ ।

न्युरालिंकले उक्त प्रविधिको सफल परीक्षण गरिसकेको छ । जसको मद्दतले प्रयोगकर्ताले आफ्नो मस्तिष्कको तरंग तथा आवाजको माध्यमबाट कम्प्युटरको कर्सर चलाउन सक्दछ । तर एलन मस्कको न्युरालिंकको चिप मस्तिष्कमा जडान गर्नका लागि टाउकोको शल्यक्रिया गर्नुपर्दछ । त्यसपछि मात्रै चिपसेटलाई प्रत्यारोपण गरिन्छ ।

तर साम अल्टम्यानले भने टाउकोको शल्यक्रिया नगरीकनै ब्रेन कम्प्युटर इन्टरफेसको प्रयो गर्ने दाबी गरिरहेका छन् ।

द भर्जमा प्रकाशित समाचार अनुसार अल्टम्यानले आफ्नो मर्ज ल्याब्सका लागि एउटा ठूलो तथा शक्तिशाली टिम तयार पार्दैछन् । यसमा चर्चित अणु वैज्ञानिक मिखाइल शिपारोको नाम पनि छ । यद्यपि उनी उक्त प्रोजेक्टमा कुन ओहोदामा हुनेछन भन्ने चाहिँ खुलेको छैन ।

स्मरण रहोस् एलन मस्कको न्युरालिंक कम्पनीको ब्रेन चिप त्यस्ता व्यक्तिहरुका लागि तयार गरिएको हो, जो पक्षघात पीडित छन् । नोलन अर्बो नामका व्यक्तिको मस्तिष्कमा पहिलोपटक सफलतापूर्वक न्युरालिंकले चिप जडान गरेको छ । उनी पक्षघातबाट पीडित थिए र गर्धन भन्दा तल्लो भागलाई नियन्त्रण गर्न सक्दैनथे । यस्तोमा न्युरालिंकको मस्तिष्क चिप उनका लागि निकै उपयोगी सावित भएको छ । चिप जडान पछि उनी स्वस्थ बनेका छन् र चिपकै मद्दतले कम्प्युटर तथा ल्यापटप चलाउँछन् ।

# मलेसियाको १० बुँदे मापदण्डबारे प्रधानमन्त्री कार्कीको उच्चस्तरीय छलफल

दैनिक समाचारदाता
जनकपुरधाम, १३ कात्तिक । मैथिली विकास कोषले भाइ-बहिनीको प्रेम र सद्भावको प्रतीक मानिने सामा-चकेवा पर्वको अवसरमा आगामी आइतबार सामा-चकेवा खेल प्रतियोगिताको आयोजना गर्न लागेको छ। छठ पर्वको खरना दिनदेखि सुरु हुने यो पर्वको सांस्कृतिक महत्व जगेर्ना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको कोषले जनाएको हो।

सांस्कृतिक संरक्षणसँगै समुदायबीचको एकता प्रवर्द्धन गर्ने उद्देश्य रहेको आयोजक पक्षले बताएको छ। प्रतियोगितामा विजेताहरूका लागि पुरस्कारको समेत व्यवस्था गरिएको कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिनुभयो।




गत वर्ष पनि कोषले सामा प्रतियोगिता आयोजना गरेको थियो। चौधरीका अनुसार यस प्रकारका कार्यक्रमले लोपोन्मुख मैथिली संस्कृति जगेर्ना तथा प्रवर्द्धन गर्ने अवसर प्रदान गर्ने भएकाले कार्यक्रमलाई निरन्तरता दिइएको हो।

मिथिला क्षेत्रमा विगतमा अत्यन्त उल्लासका साथ खेलिने सामा-चकेवा पर्व पछिल्ला वर्षहरूमा धमिलो बन्दै गएको छ। प्रत्येक टोल-टोलमा खेलिने सामा खेल अब छिटफुट रूपमा मात्र खेलिन थालेको भन्दै स्थानीयवासी र संस्कृति अभिभावकहरूले चिन्ता व्यक्त गर्दै आएका छन्। कोषले यस्तो परम्परा जोगाउन सामुदायिक सहभागिता बढाउने अपेक्षा लिएको छ।

# नक्कली कागजात बनाएर विदेश जान खोज्ने २२६ जना अफलोड

दैनिक समाचारदाता
काठमाडौं, १४ कात्तिक । नक्कली कागजात बनाएर विदेश जान खोज्ने व्यक्तिहरूलाई अध्यागमन कार्यालयले अफलोड (फिर्ता) गरेको छ ।
पछिल्लो तीन महिनाको अवधिमा अफलोड गरिएकाहरूबाट २२६ राहदानी (पासपोर्ट) बरामद गरिएको छ ।
अफलोड गरिएकाहरूलाई भने नियन्त्रणमा नलिई उनीहरूका शंकास्पद कागजात मात्रै नियन्त्रणमा लिएर अनुसन्धान गर्ने गरिएको अध्यागन विभागले बताएको छ ।
पछिल्लो तीन महिनामा बरामद भएका २२६ पासपोर्टमध्ये १०६ पासपोर्ट छानबिन गरेर सम्बन्धित व्यक्तिलाई फिर्ता गरिएको छ । बाँकी १२० पासपोर्ट भने अनुसन्धानका लागि भन्दै केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) र मानव बेचबिखन अनुसन्धान ब्यूरोमा पठाइएको विभागका महानिर्देशक रामचन्द्र तिवारीले बताए ।यसअघि भिजिट भिसामा जाने नागरिकलाई ६ बुँदे प्राधवान कायम रहेकोमा त्यसैलाई आधार बनाउँदै अनियमितता हुने गरेको भन्दै अहिले भने त्यो प्रावधान खारेज गरिएको छ ।



यसअघि भिजिट भिसामार्फत् विदेश जानेका हकमा न्यूनतम ५ सय अमेरिकी डलर, दुईतर्फी हवाई टिकट, अग्रिम होटल बुकिङ वा स्पोन्सरको प्रमाण अनिवार्य गरिएको थियो ।
यसैलाई कारण देखाउँदै बिचौलियाहरूले रकम असुल्ने गरेको र भिजिट भिसामा जानेहरू थप पीडित हुने गरको भन्दै त्यो प्रावधान खारेज गरिएको विभागले बताएको छ ।

# हिमपातपछि उपल्लो डोल्पामा सञ्चार अवरुद्ध, पदयात्रामा रोक

सुर्खेत १४ कात्तिक । लगातारको हिमपात पछि उपल्लो डोल्पामा चार दिनदेखि सञ्चार सेवा अवरुद्ध भएको छ । हिमपातका कारण नेपाल टेलिकमको टेलिफोन सेवा चार दिन देखि अवरुद्ध भएको स्थानीयले बताएका छन् । पछिल्लो समय पाँच दिन देखि लगातार परेको हिमपातका कारण जनजीवन कष्टकर बन्नुका साथै सञ्चार सेवा समेत अवरुद्ध भएको शे-फोक्सुन्डो गाउँपालिकाका-५, भिरेलकी पेमा गुरुङले जानकारी दिइन् ।
'नेपाल टेलिकमका टावरले घाम लागेपछि मात्रै काम गर्छन् । चार दिन देखि गाउँमा फोनको नेटवर्क छैन,' गुरुङले अनलाइनखबरसँग भनिन, 'म आजै सदरमुकाम दुनै झरेको छु । गाउँमा त कतै पनि सम्पर्क हुन सकेको छैन ।'
माथिल्लो डोल्पामा वर्षौं पुराना टेलिकमका टावरले राम्रोसँग सेवा नदिएको उनले गुनासो पोखिन् । अहिलेको समयमा गाउँमा मोटर बाटो पुग्नु त परको कुरा सामान्य सञ्चार सेवा समेत पुग्न नसकेको उनले बताइन् । जसले गर्दा वर्षौंदेखि सर्वसाधारणहरू मारमा परेको छन् ।
उक्त गाउँपालिकामा फोक्सुन्डो ताल समेत रहेको छ । देशका अधिकांश पर्यटकीय क्षेत्रमा फाइभजी सेवा जडान गरिए पनि उपल्लो डोल्पामा भने नियमित फोन सेवा समेत सञ्चालन हुन सकेको छैन ।
डोल्पामै पर्ने डोल्पोबुद्ध र छार्कातोङसोङ गाउँपालिका पनि फोन सम्पर्कबाट अलग भएका छन् । डोल्पोबुद्ध गाउँपालिकामा चार दिनदेखि नमस्तेको फोन सेवा छैन । 'निरन्तर हिमपातले बाटोघाटो बन्द छ । फोन सुविधा नहुँदा पर्यटकहरूसमेत समस्यामा परेका छन्,' स्थानीय स्वास्थ्यकर्मी सुनिता गौतमले बताइन् ।
उपल्लो डोल्पा क्षेत्रमा हालसम्म तीन फिट धेरै हिउँ जमेको बताइएको छ । बाक्लो हिउँ जमेपछि जनजीवन कष्टकर हुनुका साथै पशु वस्तु चरिचरणमा समेत समस्या उत्पन्न भएको छ ।
जिल्ला प्रशासन कार्यालय डोल्पाले जिल्लाका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पदयात्रा गर्न रोक लगाएको छ । चार दिन देखि निरन्तर वर्षासँगै हिमपात भइरहेकाले यस समयमा पदयात्रामा ननिस्कन सूचना जारी गरिएको प्रमुख जिल्ला अधिकारी भीम राज कोइरालाले जानकारी दिए ।
शे-फोक्सुन्डो गाउँपालिका-८ मा पर्ने फोक्सुन्डो ताल र उपल्लो डोल्पा क्षेत्रमा अहिले स्वदेशी तथा विदेशी पर्यटक भित्रिरहेकाले यात्रा रोक्न प्रशासनले आग्रह गरेको उनको भनाइ छ ।
मौसम सफा नभएसम्म पदयात्रा नगर्न र पदयात्रामा निस्किसकेका पर्यटकलाई यथास्थानमा सुरक्षित रूपमा बस्न पनि आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी कोइरालाले बताए । फोक्सुन्डो ताल क्षेत्रमा बाक्लो हिउँ जमेर बाटो अवरुद्ध भएपछि नेपाली सेना र प्रहरीको संयुक्त टोलीले हिउँ फालेर बाटो खुलाएको प्रशासनले जनाएको छ ।

# मधेशी दलित.....

Yourself Nepali मार्फत नेपाली भाषा विश्वमा परिचित गराएका छन्। साथै, उनले नेपाली दलित लेखकहरूसँग सहकार्य गर्दै उनीहरूको साहित्यलाई अंग्रेजीमा अनुवाद गरी अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने कार्य पनि गर्दै आएका छन्।

उनको शैक्षिक योगदान क्षेत्रीय अध्ययनमा सीमित छैन। उनका विद्यार्थीहरू कानुन, जनस्वास्थ्य, सामाजिक मानवशास्त्र, राजनीति विज्ञान लगायतका विषयमा अनुसन्धान गर्दै दक्षिण एसियाली भाषा र संस्कृतिहरूसँग जोडिएका छन्। यसरी उनले बहु(विषयगत दृष्टिकोणबाट दक्षिण एसियाली अध्ययनको दायरा फराकिलो बनाएका छन्।

सन् १९८० दशकदेखि नेपालसँग सम्बन्ध राख्दै आएका हटले नेपाली साहित्यका दर्जनौँ पुस्तक र लेखहरूको अनुवाद, सम्पादन तथा समीक्षा गरेका छन्। उनका अनुसन्धानमा नेपाल, हिमालय र दक्षिण एसियाली समाजका सांस्कृतिक, भाषिक र ऐतिहासिक तहहरू गहिरो रूपमा प्रतिबिम्बित छन्।

जनकपुरधाममा प्राध्यापक हटको उपस्थितिले मधेशी दलित साहित्य र संस्कृति अध्ययनमा नयाँ दृष्टिकोण थप्ने अपेक्षा गरिएको छ।

# वायु सेवा निगमको महाप्रबन्धक खुला प्रतिस्पर्धाबाट

दैनिक समाचारदाता
काठमाडौँ, १४, कात्तिक । प्रधानमन्त्री सुशीला कार्कीले नेपाल वायु सेवा निगमको महाप्रबन्धक खुला प्रतिस्पर्धाबाट चयन गर्ने निर्णय गर्नुभएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समेत जिम्मेवारी संहाल्नुभएका प्रधानमन्त्री कार्कीले खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनोट गरी सिफारिस गर्न पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा समिति गठन गर्नुभएको हो ।
समितिमा क्याप्टेन कुलबहादुर लिम्बु विज्ञ सदस्य चयन हुनुभएको छ । मन्त्रालयका योजना तथा प्रशासन महाशाखा प्रमुख एवं सहसचिवले सदस्य सचिवको काम गर्नुहुनेछ । समितिले एक महिनाभित्र खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनोट गरी सिफारिस गर्नुपर्नेछ । खुला प्रतिस्पर्धाबाट नयाँ महाप्रबन्धक नियुक्त नभएसम्मका लागि निगमकै वरिष्ठतम् कर्मचारी उपमहानिर्देशक जनकराज कालाखेतीले निमित्त महाप्रबन्धक भई काम गर्नुहुनेछ । त्यसैगरी निगमको सञ्चालक समिति अध्यक्षको काम अर्को व्यवस्था नभएसम्म उपाध्यक्ष विक्रम राईले गर्नुहुने मन्त्रालयका प्रवक्ता रामकृष्ण लामिछानेले जानकारी दिनुभयो ।

# राष्ट्रपति पौडेल कात्तिक १७ गते कतार भ्रमणमा जानुहुँदै

काठमाडौँ, १४ कात्तिक । राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुनुहुने भएको छ ।
कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा १२ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उहाँ सम्मेलनमा सहभागी हुन लाग्नुभएको परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिनुभयो । सो औपचारिक भ्रमणका लागि उहाँ यही कात्तिक १७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने उहाँले बताउनुभयो । राष्ट्रपति पौडेलले सम्मेलनको मुख्य सत्रलाई कात्तिक १८ गते सम्बोधन गर्नुहुनेछ ।
संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयअनुसार हुन लागेको उक्त सम्मेलन सदस्य राष्ट्रका लागि धेरै महत्त्वपूर्ण हुने विश्वास लिइएको छ । भ्रमणबारेमा जानकारी दिन आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव राईले ३० वर्षपछि हुन लागेको सो दोस्रो सम्मेलनको महत्त्व र गरिमा अनुरूप नेपालबाट राष्ट्रपतिको सहभागिता हुन लागेको उल्लेख गर्नुभयो । सम्मेलनका दौरान राष्ट्रपति पौडेलसँग कतारका अमिर र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न विशिष्ट व्यक्तिहरूको भेटवार्ता हुनेछ । यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । यसपटक सम्मेलन कतारले आयोजना गरेको हो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेको विकासको असमानता, जनसङ्ख्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा विभिन्न कोणबाट गहन छलफल हुने बताइएको छ । सचिव राईले भन्नुभयो, "सम्मेलनले सामाजिक विकासका लागि सहकार्य र सहयोगका विषयमा साझा प्रतिबद्धता जाहेर गर्नेछ ।"
संयुक्त राष्ट्रसङ्घको १९५५ मा सदस्य भएपछि नेपाल शान्ति र स्थायित्वका लागि सधैँ सक्रिय र प्रतिबद्ध सदस्य रहिआएको छ । राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को हाल नेपाल अध्यक्ष रहेकाले पनि सम्मेलनमा नेपालको सहभागिता अर्थपूर्ण छ । कतारको औपचारिक भ्रमण पूरा गरी राष्ट्रपति पौडेल कात्तिक २० गते स्वदेश फर्कनुहुने मन्त्रालयले जनाएको छ । रासस

# एमालेमा छ लाख ६० हजार सदस्यबाट प्रतिनिधि चयन हुने

दैनिक समाचारदाता
काठमाडौँ, १४ कात्तिक । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनका लागि छ लाख ६० हजार सङ्गठित सदस्यबाट प्रतिनिधि चयन हुनेछन् । एमाले सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्ने ती सङ्गठित सदस्यले २०८२ चैत मसान्तसम्म सदस्यता नवीकरण गरिसकेको बताउनुभयो।
उहाँले भन्नुभयो,"हामीले सबै सङ्गठित सदस्यको प्रमाणीकरण गर्ने काम अन्तिम चरणमा पुऱ्याएका छौँ । करिब छ लाख ६० हजार सङ्गठित सदस्यबाट नै प्रतिनिधि छनोट हुनेछन् ।"
भोलि बस्ने सचिवालय बैठकले सङ्गठित सदस्यबाट प्रतिनिधि छनोट गर्ने मापदण्ड बनाउने विभाग प्रमुख अधिकारीले जानकारी दिनुभयो ।
यसअघि पार्टीको १०औँ महाधिवेशनका लागि आठ लाख ५० हजार सङ्गठित सदस्यबाट प्रतिनिधि छनोट गरिएका थिए । एमालेको ११औँ महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म पोखरामा तोकिएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४